निजगढ नगरपालिका
नगर कार्यपालिका कार्यालय
निजगढ बारा
२०७३

# निजगढ नगरपालिकाको शिक्षा ऐन, २०७७

प्रमाणीकरण मिति : २०७७/०२/१९

**प्रस्तावना :**

नेपालको संविधानको धारा २२६ (१) बमोजिम सोही संविधानको अनुसूचि ८ को क्रम संख्या ८ बमोजिम यस नगरपालिका क्षेत्र भित्र पहिल्यै स्थापना भई सञ्चालनमा रहेका तथा अब स्थापना हुने विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न र आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थाका साथै शिक्षा सम्वन्धी व्याख्या गरिएका अधिकारहरुको कार्यान्वयन समेत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी निजगढ नगरपालिकाको नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "निजगढ नगरपालिकाको शिक्षा ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन निजगढ नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले निजगढ नगरपालिकाको शिक्षा ऐनलाई सम्भनुपर्छ ।

(ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्भनुपर्छ ।

(ग) "प्रदेश शिक्षा ऐन" भन्नाले प्रदेश नं. २ को प्रदेश सभाले बनाएको शिक्षा ऐनलाई सम्भनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको निजगढ नगरपालिकालाई सम्भनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले निजगढ नगरपालिकाको नगर कार्यपालिकालाई सम्भनुपर्छ ।

(च) "प्रमुख" भन्नाले निजगढ नगरपालिकाको नगर प्रमुख सम्भनुपर्छ ।

(छ) "उपप्रमुख" भन्नाले निजगढ नगरपालिकाको उप प्रमुख सम्भनुपर्छ ।

(ज) "नगर सभा" भन्नाले निजगढ नगरपालिकाको नगर सभा सम्भनुपर्छ ।

(झ) "कार्यपालिका सदस्य" भन्नाले निजगढ नगरपालिका कार्यपालिका सदस्यलाई सम्भनुपर्छ । सो शब्दले नगर प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउछ ।

(ञ) "सभा सदस्य" भन्नाले निजगढ नगरपालिकाको नगर सभा सदस्य सम्भनुपर्छ । सो शब्दले नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई जनाउछ ।

(ट) "मन्त्रालय" भन्नाले शिक्षा हेर्ने मन्त्रालय वा सो कामकोलागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्भनुपर्छ ।

(ठ) "अनुगमन समिति" भन्नाले यस ऐन वमोजिम निजगढ नगरपालिकामा गठन भएको दफा २१.

अनुसारको नगर शिक्षा अनुगमन समिति सम्झनुपर्छ ।

(ड) "वडा समिति" भन्नाले निजगढ नगरपालिकाको वडा समितिहरु सम्झनुपर्छ ।

(ढ) "वडा अध्यक्ष भन्नाले निजगढ नगरपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(ण) "बिषयगत शाखा" भन्नाले निजगढ नगरपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(त) "वडा सचिव" भन्नाले निजगढ नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव/कर्मचारी सम्झनुपर्छ ।

(थ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(द) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकाका लाई दिइने एक बर्षको प्रारम्भिक बाल शिक्षालाई सम्झनु पर्छ र सो शब्दले नर्सरी, के.जी .र मन्टेस्वरी शिक्षालाई समेत सम्झनुपर्छ ।

(ध) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झनुपर्छ।

(न) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौं देखि कक्षा बाह्र सम्म दिईने शिक्षा सम्झनुपर्छ ।

(प) "अनौपचारिक शिक्षा" भन्नाले विद्यालयमा भर्नाभइ शिक्षा हासिलगर्न नसक्ने व्यक्तिलाइ दिइने शिक्षा सम्झनुपर्छ।

(फ) "दुर शिक्षा" भन्नाले पत्राचार, श्रव्य, दृश्य वा अन्य संञ्चार माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(ब) "खुला शिक्षा" भन्नाले शिक्षाको अवसर खुला गराई आफनो चाहना आवश्यक्ता र समयलाई आफनो अनकुलताको आधारमा दिइने औपचारिक शिक्षा सम्झनुपर्छ ।

(भ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टैसमूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिईनेशिक्षा सम्झनुपर्छ।

(म) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ,

(१) दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाइ विभेदरहित वातावरणमा दिईने शिक्षा ।

(य) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयबस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म दिईने शिक्षालाई सम्झनुपर्छ ।

(र) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ल) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(श) "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ष) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बालशिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनुपर्छ ।

(स) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनुपर्छ ।

(ह) "माध्यमिक विद्यालय"भन्नाले खण्ड (ध) र (न) वा खण्ड (न) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनुपर्छ।

(क्ष) "धार्मिक प्रकृतिका विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

(त्र) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरको विद्यालयलाई सम्झनुपर्छ ।

(ज्ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ज्ञ१) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश नं २ को शिक्षा हेर्ने सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

(ज्ञ२) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वा प्रदेश कानून बमोजिम गठन भएको शिक्षक तथा कर्मचारी हरुको नियुक्ती, बढुवा आदि सिफारिश गर्ने आयोग सम्झनुपर्छ ।

(ज्ञ३) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्छ ।

(ज्ञ४) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताबखाना सम्झनु पर्छ ।

(ज्ञ५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज्ञ६) "स्थानीय शिक्षा अधिकारी" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ज्ञ७) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(ज्ञ८) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ज्ञ९) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ ।

(ज्ञ१०) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन अभिभावक नभएको विद्यालय विद्यार्थीको हकमा संस्थागत संरक्षकत्व प्रदान गर्ने व्यक्ति वा प्रतिनिधि संस्थालाई समेत जनाउछ ।

(ज्ञ११) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(ज्ञ१२) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तह कक्षा बाह्रको अन्त्यमा हुने परीक्षा

सम्झनुपर्छ ।

(ज्ञ१२) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तह कक्षा बाह्रको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज्ञ१३) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज्ञ१४) "माध्यमिक शिक्षा परीक्षा भन्नाले " कक्षा दशको अन्त्यमा हुने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सम्झनुपर्छ ।

(ज्ञ१५) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी अनुमति सम्झनुपर्छ ।

(ज्ञ१६) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ१७) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समुहले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(ज्ञ१८) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(ज्ञ१९) "शिक्षा समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

(ज्ञ२०) "परीक्षा समिति" भन्नाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिलाई सम्झनुपर्छ ।

(ज्ञ२१) "व्यवस्थापन समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ज्ञ२२) "शुल्क" भन्नाले विद्यालयले तोकिए बमोजिम विद्यार्थीसँग लिनपाउने शुल्क सम्झनुपर्छ ।

(ज्ञ२३) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, ऐनवा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३.विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नगरपालिका वाहेक अन्य कुनै नेपाली नागरिक, समुदायल वा स्संस्थाले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अर्न्तगत विद्यालय खोल्न चाहेमा, वा खोलिएका विद्यालयमा कक्षा थप र तह थप गर्न चाहेमा सम्वन्धित वडा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष नगरपालिकामा निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय सार्वजनिक शैक्षिक गुठी वा निजी गुठी कुन रुपमा सञ्चालन गर्ने हो, सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा स्थानीय शिक्षा अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको निर्णयमा सहित तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पुरा गरेमा नगर कार्यपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेजगरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम नगर शिक्षा समितिले विद्यालय सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई सार्वजनिक शैक्षिक गुठी वा निजी गुठीको रुपमा सञ्चालन गर्न अनुमति दिईने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक शैक्षिक गुठी र निजी गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ, :

(क) शैक्षिक गुठी संञ्चालन गर्ने गुठी संञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी संञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराइउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफनो जीवनकालमै वा शेषपछी गुठीयारको रुपमा कामगर्ने आफनो उत्तराधिकारी तोक्नसक्ने । तर,सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृत लिनुपर्ने ।

(८) सार्वजनिक शैक्षिक गुठी तथा निजी गुठी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजीस्रोतबाट आधारभूत विद्यालयको प्रारम्भिक बालविकास केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले कुनै मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(११) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(१२) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१३) उपदफा १० बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. माध्यमिक.शिक्षाको प्रकार :**

(१) माध्यमिक शिक्षा देहायको प्रकारका हुनेछन,

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ।

(२) उपरोक्त खण्ड १ (क),(ख) र (ग) वमोजिम शिक्षा दिने विद्यालयहरुको संञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दुर तथा खुला शिक्षा, निरन्तर शिक्षा, अनौपचारिक शिक्षा तथा प्राविधिक एवम व्यवसायिक तालिम सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, दुर तथा खुला शिक्षा, निरन्तर शिक्षा, अनौपचारिक शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्वन्धमा आवश्यक जाँचवुझगरी सो विद्यालयलाई त्यस्तो शिक्षा संञ्चालन गर्न स्वीकृत दिन सक्नेछ ।

(३) विशेष शिक्षा र समावेशी शिक्षा, खुला शिक्षा र दुर शिक्षाको संञ्चालन साधारण शिक्षा सरह हुनेछ यी सबै प्रकारका शिक्षाको संञ्चालन तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षा तर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(५) प्राविधिक तथा व्यवसायिक तालिम सम्वन्धी व्यवस्था, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा खुला शिक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६.शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ।

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) भाषा विषयमा अध्यापन गराउंदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(ग) अनिवार्य अंग्रेजी विषय अध्यापन गराउदा माध्यम अंग्रेजी भाषा नै हुनु पर्नेछ ।

## ७. विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामाग्री :

(१) विद्यालयले नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्विकृत पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री लागु गर्नु पर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ८. परीक्षाको सञ्चालन र व्यवस्थापन :

(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तह उत्तीर्ण परीक्षा समिति देहाय बमोजिम गठन हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखाको उप सचिव -अध्यक्ष

(ख) नगरपालिका भित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तिमा एकजना महिला सहित नगर शिक्षा समितिबाट मनोनित गरेका दुई जना -सदस्य

(ग) नगरपालिका भित्रका संस्थागत विद्यालयका नगर स्तरीय समितिबाट प्रतिनिधित्व हुनेगरी नगर शिक्षा समितिबाट मनोनित गरेका एक जना -सदस्य

(घ) नगरपालिका क्षेत्र भित्रका शिक्षा अधिकृत एक जना -सदस्य

(ङ) नगर शिक्षा शाखाका प्रमुख/निजले तोकेको कर्मचारी -सदस्य सचिव

(२) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञ तथा शिक्षा विकास तथा समन्वय इकाईको इकाई प्रमुखलाई परीक्षा समतिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर भित्र विशेष कक्षा संञ्चालन भएको विद्यालयको अपाङगता भएको शिक्षक प्रतिनिधिलाई आमन्त्रीत सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(५) परीक्षा समितिको बैठक सम्वन्धी कार्यविधि सो परीक्षा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) परीक्षा समितिको सचिवालय नगरपालिकाको शिक्षा शाखामा रहनेछ । परीक्षा समितिको वैठक सम्वन्धी कागंजात सुरक्षित रुपमा राख्नु पर्नेछ ।

(७) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

## ९. नगर शिक्षा शाखाको व्यवस्था :

(१) नगरपालिका क्षेत्र भित्रको विद्यालय शिक्षा हेर्ने गरी शिक्षा, युवा तथा खेलकुद शाखाको कार्य गर्न नगरपालिका अन्तरर्गत शिक्षा, युवा तथा खेलकुद शाखा रहनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था हुने शिक्षा शाखामा नगर शिक्षा अधिकारीको रुपमा रही काम गर्न मन्त्रालयले नेपाल सरकारको शिक्षा सेवाको अधिकृत कर्मचारीलाइ खटाई पठाउनेछ ।

(३) नगर शिक्षा अधिकारीले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहि कार्य गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १०. नगर शिक्षा समिति :

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

(क) नगरपालिका प्रमुख -अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(ङ) विधेयक समितिको संयोजक -सदस्य

(च) कार्यपालिकाले तोकेको एक महिला सहित तीन जना -सदस्य

(छ) सामुदायिक विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुबाट दुई तथा संस्थागत विद्यालय अध्यक्षहरुबाट एक प्रतिनिधि सहित तीन जना -सदस्य

(झ) पेशागत महासंघको प्रतिनिधि एक जना -सदस्य

(ञ) नगर शिक्षा अधिकारी -सदस्य सचिव

यस उप दफाको प्रयोजनको लागि उप दफा (१) को खण्ड ङ, च र छ मध्ये नगर शिक्षा समितिले मनोनित गर्ने सदस्यहरुमा कम्तिमा एकजना महिला पर्ने गरी मनोनयन गर्नु पर्नेछ ।

(२) शिक्षा समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक वस्नु पर्नेछ । बैठकको निर्णय नगर शिक्षा समितिको अध्यक्ष सहितको बहुमतको आधारमा हुनेछ ।

(३) बैठक सञ्चालनको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ ।

(४) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(५) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर, यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेशगर्ने मौकाबाट बन्चित गरिने छैन ।

(६) समितिले विषय विशेषज्ञ, व्यक्ति वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) नगरभित्र सञ्चालित विशेष, समावेशी विद्यालय, अति अशक्त र पूर्ण अपाङगता भएका व्यक्तिका लागि संञ्चालित विद्यालय कार्यक्रम मध्येबाट प्रतिनिधित्व हुनेगरी एकजना अपाङगता भएका शिक्षकलाई समितिले आमन्त्रीत सदस्यको रुपमा मनोनित गर्न सक्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार :

(१) प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो नगरक्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफनो नगर क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि आएका निवेदन उपर आवश्यक छानविन गरी अनुमति प्रदान गर्ने ।

(ग) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने विद्यालय तहको परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने ।

(घ) शिक्षाको गुणस्तर कायम राख्ने, सुचक विकास गर्ने र प्रगति मुल्याडकन गर्ने ।

(ङ) विद्यालय शिक्षाको सामाजिक परीक्षण गर्ने ।

(च) विद्यालयको आय व्ययको अन्तिम लेखा परीक्षणको लागि रजिष्टर्ड लेखापरीक्षकको सूचि प्रकाशन गर्ने । रजिष्टर्ड लेखा परीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउने ।

(छ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने ।

(ज) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(झ) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने,

(ञ) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्वन्धित निकायमा सुझाव पठाउने,

(ट) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुर्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ठ) गरीवीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(ड) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(ढ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

(ण) विद्यालयको भौतिक स्थितीको अध्ययन गरी सुधारका लागि पहल गर्ने,

(त) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(थ) नगरपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने र त्यस्ता जनशक्तिबाट स्वयंसेवक भई अध्यापन गर्न प्रोत्साहित गर्ने,

(द) शिक्षकको कार्य दक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ध) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(न) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा

निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय

सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने,

(प) आफ्नो क्षेत्र भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि आवश्यक व्यवस्था गर्ने,

(फ) आफ्नो क्षेत्र भित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(ब) विद्यालयहरुको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(भ) विद्यालय शिक्षामा सुधारका लागि योजना वनाई नगर सभामा पेश गर्ने,

(म) आफ्नो सेवा क्षेत्र भित्र विद्यालय सञ्चालन, अनुमति, स्वीकृती, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने, गराउने,

(य) आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा नियुक्तिका लागि शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग गर्न लगाउने,

(र) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यबाही गर्ने गराउने,

(ल) स्थायी नियुक्ति लिइ आउने सरुवा भई जाने शिक्षकलाई विद्यालयमा हाजिर नगराएमा हाजिर नगराएकको अवधिसम्म अर्को विद्यालयमा पठाई हाजिर गराउने ।

(व) करारमा शिक्षक छनौटका लागि विषय विज्ञको सूचि तयार गरी प्रकाशन गर्ने ।

(२) नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयको विद्यार्थी संख्या विषयको आधारमा दरवन्दी मिलान गर्ने ।

(३) नगर शिक्षा समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार स्थानीय शिक्षा अधिकारी/नगर शिक्षा अधिकारीलाई प्रदान गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १२. शिक्षा अनुगमन समितिः

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) प्रमुख, सामाजिक विकास शाखा | -सदस्य |
| (ग) प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (घ) प्रमुख, पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | -सदस्य |
| (ङ) शिक्षा शाखा प्रमुख/विद्यालय निरिक्षक/शिक्षा शाखा हेर्ने कर्मचारी | -सदस्य सचिव |

(२) अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) अनुगमन समितिको बैठक भत्ता तोकिए बमोजिम हुनेछ र अनुगमनमा गएको दिनको खाना तथा यातायात वापतको सुविधा उपलब्ध गराईनेछ ।

(४) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन आवश्यक कारवाहीका लागि प्रमुख समक्ष पेश गर्नेछ

**१३. शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार**

(१) नगरपालिका भित्रको विद्यालय तथा शैक्षिक संस्थाहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(२) शिक्षा सम्बन्धी नगरपालिकाको योजना कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने,

(३) स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(४) शैक्षिक कार्यक्रममा उपलव्ध स्रोतको यथोचित उपयोगको अवस्था सुधार गराउने,

(५) विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन, कार्यरत शिक्षक तथा कर्मचारीको अवस्था र कामको गुणस्तरको रेखदेख गर्ने,

(६) विद्यालयको लेखा पद्दति र अभिलेख अद्यावधिक भए नभएको हेरी अद्यावधिक गराउने,

(७) नगरपालिकामा पेश भएको विद्यार्थी अभिलेख अनुसार विद्यार्थी भए नभएको निरिक्षण गर्ने,

(८) विद्यालय सार्ने, गाभ्ने सम्बन्धी कार्यका लागि कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(९) परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउन सहयोग गर्ने,

(१०) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(११) विद्यालयको सामाजिक परीक्षणमा सहयोग गर्ने,

(१२) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्न कार्यपालिकामा सिफारिस गर्ने,

(१३) स्रोतकेन्द्रको अवस्था र कामकारवाही निरीक्षण तथा आवश्यक निर्देशन दिने,

(१४) शैक्षिक गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित तथा आकस्मिक सुझावहरुलिई नगरपालिकामा पेश गर्ने,

(१५) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति वितरणको अवस्था र प्रतिफलको निरिक्षण गर्ने,

(१६) विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने,

(१७) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने,

**१४. वडा शिक्षा समितिः**

(१) नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछः

(क) सम्बन्धित वडाका वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरू आफुमध्ये बाट वडा समितिको बैठकले तोकेको कम्तीमा एकजना महिला सहित २ जना -सदस्य

(ग) विद्यालयका प्रअहरु मध्येबाट सामुदायिक विद्यालयहरु र संस्थागत विद्यालयहरु मध्येवाट वडा अध्यक्षले तोकेको दुई जना (१/१) जना -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडा अध्यक्षले तोकेको १ जना

-सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षा प्रेमीहरू मध्येवाट वडा शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित २ जना -सदस्य

(च) सम्बन्धित वडामा कार्यरत वडा सचिव -सदस्य सचिव

(२) समितिको पदावधि तीन वर्षको हुनेछ ।

(३) वडा शिक्षा समितिले पूर्णता नपाएको कारणले समितिले गर्ने निर्णय तथा तोकिए बमोजिमका कार्यहरु गर्न गराउन वाधा परेको मानिने छैन ।

(४) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदिय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

(५) वडा शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक दुई महिनामा एक पटक वस्नुपर्नेछ ।

(६) वैठक सञ्चालनकोलागि भएको सदस्य मध्ये कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

**१५. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार**

(१) नगरपालिकाको शैक्षिक योजना पूरा हुने गरी वडा शिक्षा योजना तयार तथा लागू गर्ने,

(२) वडा क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी कार्यको लागि नगरपालिकामा प्रतिवेदन तथा सिफारिस पेश गर्ने,

(३) वडा क्षेत्रभित्रका विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(४) वडा क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउन सहयोग गर्ने,

(५) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(६) वडा क्षेत्रभित्रका विद्यालयका लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(७) विद्यालयहरुसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,

(८) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(९) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने,

(१०) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(११) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्डको लागि सिफारिस गर्ने,

(१२) विद्यालयको आन्तरिक आम्दानीको स्रोतको सदुपयोग र अभिवृद्धिको लागि आवश्यक निर्देशन दिने,

(१३) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने,

## १६. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :

(१) नगरपालिकाले समुदायमा साक्षरता सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको कामगर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १७. अध्यापन अनुमति पत्र लिनु पर्ने :

(१)यो ऐन प्रारम्भ भएपछि सबै प्रकारका विद्यालयमा अध्यापन अनुमतिपत्र प्राप्त व्यक्ति मात्र अध्यापनको लागि योग्य हुनेछ । अध्यापन अनुमति पत्र नलिइ कुनै पनि तहका शिक्षक पदको लागि कोही व्यक्ति पनि उम्मेदवार हुन पाउने छैन । अध्यापन अनुमति प्रयोजनको लागि शिक्षक सेवा आयोगबाट प्राप्त अध्यापन अनुमति पत्र मान्य हुनेछ ।

## १८. अनुदानको व्यवस्था :

(१) यस ऐन प्रारम्भ हुंदाका बखत सामुदायिक विद्यालयलाई दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी नगरपालिकाले अनुदान उपलब्ध गराउनेछ । तर, कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायमगर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिंदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सक्नेछ ।

(२) विद्यालय विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी व्यवस्था भएका विद्यालयहरुलाई तलव बाहेकका खर्चका लागि तोकिए बमोजिम पूरक प्रति विद्यालय विद्यार्थी अनुदान उपलब्ध गराइनेछ ।

(३) विद्यालय विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयहरुलाई दरवन्दी नपुगेको अनुपातमा तोकिए बमोजिम पूरक प्रति विद्यालय विद्यार्थी अनुदानकाका साथै तलव भत्ताको खर्चका लागि तोकिए बमोजिम पूरक प्रति विद्यालय विद्यार्थी एकमुष्ट अनुदान उपलव्ध गराइनेछ।

(४) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकाशा भएको हो सोही शिर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

(५) समावेशी र विशेष विद्यालयका लागि नगरपालिकाबाट पूर्वाधार, तालिम र विद्यालय सञ्चालनको लागि तोकिए बमोजिम अनुदान दिने व्यबस्था गरिनेछ ।

## १९. प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्थाः

(१) नगरपालिकाको स्वीकृतिमा सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्द्रको सञ्चालन गर्न सकिनेछ ।

(२) सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र र प्रारम्भिक बालविकास सिकाई केन्द को सञ्चालन स्वीकृतिको लागि तोकिए वमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

(३) सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन गर्न अनुमती, स्वीकृति लिन तोकिए वमोजिमको शुल्क दस्तुर लाग्नेछ ।

(४) प्रारम्भिक बालविकास केन्द्र र प्रारम्भिक बालविकास सिकाई केन्दको सहजकर्ताको शैक्षिक योग्यता नियुक्ति सम्बन्धी व्यबस्था र केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०.प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्ने :**

(१) नगरपालिकाले आफनो सहयोगमा खोलिएका वा यो ऐन प्रारम्भ हुदाका बखत नेपाल सरकारबाट अनुदान प्राप्त गरी रहेका प्रारम्भिक बालशिक्षा केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(२) प्रारम्भिक बालशिक्षाको संञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**२१.साक्षेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :**

(१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरु वीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) अति अशक्त र पूर्ण अपाङगता भएका बालबालिकाको शिक्षाको लागि अपाङगता क्षेत्रमा काम गर्ने संघ संस्था संग साझेदारीमा शैक्षिक कार्यक्रम संञ्चालन गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन काम कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२.सामुदायिक विद्यालय व्यवस्थापन समिति :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयका अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना -सदस्य

(ख) विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक स्थानीय बुद्धिजिवी शिक्षाप्रेमी विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(च) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने

विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक र कार्यक्रम संञ्चालन गर्ने संस्थाको प्रतिनिधि एकजना रहनेछन् ।

(४) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको छनौट भइ सकेपछि अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(७) विद्यालयस्तरीय बाल क्लवले मनोनयन गरेको सोही विद्यालयको एक बालक र एकजना बालिकालाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(८) व्यवस्थापन समितिको म्याद तीन वर्षको हुनेछ । गठीत विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त हुन् भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिलाई पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

(९) विद्यालय व्यवस्थापन समिति छनौट प्रयोजनको लागि नगर शिक्षा शाखाको प्रमुख वा निजले तोकेको प्रतिनिधिको संयोजकत्वमा सम्वन्धित वडाका वडाअध्यक्ष वा वडा समितिले छानी पठाएको वडा प्रतिनिधि सदस्य तथा सम्वन्धित विद्यालयका प्रधानाध्यापक सदस्य रहेको तीन सदस्य विद्यालय व्यवस्थापन छनौट सहगोग समिति रहनेछ । उक्त गठित समितिले विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्य सम्वन्धित विद्यालयमा रही सम्पन्न गर्नेछ ।

(१०) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्धन गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने । त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नगरपालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र स्थानीय तहमा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन स्थानीय तहमा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) शिक्षक, विद्यार्थी र अभिभावकले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम नगरपालिकामा दर्ता भएका लेखा परीक्षकहरुको सूचिबाट नगरपालिकाले नियुक्तिगरी पठाएको लेखापरीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएको मा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टी गर्ने,

(ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तहमा माग गर्ने,

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न ऐनबनाई स्थानीय शिक्षा अधिकारी मार्फत नगरपालिकाबाट स्वीकृत गराई लागू गर्ने,

(य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पूरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेड वृद्धि रोक्कागर्ने वा बढीमा दुईवर्ष सम्म बढुवा रोक्का गर्न नगरपालिका समक्ष कारबाहीको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारबाही अगाडि बढाउँदा सफाइको मनासिव मौका दिनुपर्नेछ ।

(र) अध्यापन अनुमती पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यतापुरा गरेका व्यक्तिलाई रिक्त रहेको शिक्षक दरवन्दीको पदमा नियुक्त गर्ने ।

(ल) शिक्षक सेवा आयोगबाट सिफारीश भई स्थायी नियुक्ति लिइ आउने तथा सरुवा भई आउने शिक्षकलाइ विद्यालयमा हाजिर गराई कामकाज लगाउने ।

## २४. संस्थागत विद्यालय व्यवस्थापन समिति :

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयका संस्थापक लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना महिला सहित दुईजना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडाअध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य-सदस्य

(घ) सम्वन्धित नगरपालिकाको शिक्षा हेर्ने अधिकृत/विद्यालय निरीक्षक -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक/प्रिन्सीपल -सदस्य सचिव

(२) उपदफा (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

## २५. संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

(१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ग) विद्यार्थीहरूलाई विद्यालय परीक्षामा सहभागी गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालनहुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अध्यापन अनुमती पत्र लिई प्रचलित कानून वमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई अस्थायी शिक्षक नियुक्त गर्ने र ६ महिना भित्र स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकलाई नगरपालिकाले उपलब्ध गराउने तलव भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम नगरपालिकामा दर्ता भएका लेखा परीक्षककहरुको सूचिबाट कम्तीमा तीनजना लेखापरीक्षकको नाम छनौट गरी नियुक्तिको लागि स्थानीय शिक्षा अधिकारी समक्ष सिफारिस गर्ने,

(ठ) शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ड) नगरपालिकाले दिएका निर्देशन अनुरूप काम गर्ने ।

(ढ) शिक्षक, विद्यार्थी र अभिभावकले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागू गर्ने ।

२६. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने अवस्था :

(१) देहायको अवस्था एवम् तोकिएको जिम्मेवारी पुरागर्न नसकेमा सोको कारण खुलाई स्थानीय शिक्षा अधिकारीको सिफारिशमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको नीति विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा,

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा ।

तर, त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको कामगर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको अवधि बढिमा ६ महिनाको हुनेछ ।

(३) प्रचलित कानुन बमोजिम यस अघि गठन भएको विद्यालय व्यवस्थापन समिति सो ऐनले तोकेको अवधिसम्म कायम रहनेछ ।

## २७. शिक्षक अभिभावक संघ :

(१) प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयमा देहाय अनुसारको शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहने छ ।

(क) अभिभावकले आफुहरुमध्येबाट छानी पठाएको एकजना -अध्यक्ष

(ख) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

(ग) विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य

(घ) अभिभावकहरु मध्येबाट समितिले मनोनयन गरेको एकजना महिला सहित तीनजना -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालयमा अध्ययनरत उच्चतम कक्षाका छात्र एकजना र छात्रा एकजना लाई समितिको वैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(३) उप दफा (१) बमोजिम मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) उप दफा (१) बमोजिम गठीत समितिको काम, कर्तव्य र अधिकार देहाय बोजिम हुनेछ :

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावली बमोजिम विद्यालयले शुलक निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सौ सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अर्न्तक्रिया गर्ने ।

(घ) समितिको अध्यक्षको अध्यक्षतामा सामाजिक परीक्षण समिति गठन गरीविद्यालयको आर्थिक, भौतिक, शैक्षिक गतिविधि लगायत सम्पूर्ण गतिविधिको सामाजिक परीक्षण गर्ने,

(ङ) वार्षिक परीक्षाको नतिजा विश्लेषण गरी सिकाई उपलब्धि तगार गर्न लगाउने । शैक्षिक सुचाङ्कहरु तयार गर्न लगाई नगरपालिकामा पेश गर्न लगाउने,

(च) शैक्षिक सुचाङ्को आधारमा बार्षिक योजना निर्माण, विद्यालय सुधार योजना निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तयार गरिने योजना निर्माण तथा कार्यान्वयमा विद्यालय व्यवस्थापन समितिसंग सहकार्य गरी शैक्षिक सुधारका कार्यक्रमहरु संञ्चालन गर्ने ।

## २८. विद्यालयको विधान :

(१) ऐन र नियम संग नबाझिने गरी प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मुल्य मान्यता, संञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक बिषय वस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले आवश्यक्ता अनुसार विधान संसोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय संञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक लगायत सम्वन्धित अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले नगरपालिकाको शिक्षा शाखामा पेशगर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

## २९. नगर शिक्षा विकास कोष :

(१) सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार विकासमा सहयोग पुर्याउन, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी शिक्षक तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ,

(क) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिका/नगरकार्यपालिका बाट प्राप्त अनुदान रकम,

(ग) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको कूल आम्दानीमध्ये तोकिए बमोजिम प्रतिशतले हुनआउने रकम,

(घ) तोकिए बमोजिम शिक्षा करबाट उठेको रकम,

(ङ) स्वेच्छिक चन्दाबाट प्राप्त रकम,

(च) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

## ३०. कोष सञ्चालक समिति :

(१) कोष संञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) कोषको सञ्चालन व्यवस्थापन र परिचालन नगर शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोष संञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

## ३१. विद्यालय कोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ । जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ ,

(क) नगरपालिकाको स्थानीय संञ्चित कोषबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको शिक्षा विकास कोषबाट प्राप्त अनुदान रकम,

(ग) शुल्कबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त सहयोग रकम,

(ङ) आयमुलक कियाकलापबाट आर्जन भएको रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषको संञ्चालन विद्यालयको विधानमा तोके बमोजिम र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

## ३२. कार्यपालिकाले निर्देशन दिन सक्ने :

(१) कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

## ३३. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, विद्यालय सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने :

(१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्न,अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भईरहेको कुनै विद्यालय लाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न, कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) विद्यालय खोल्ने कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ३४. विद्यालयको सम्पत्ति :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा वा अन्य कुनै शैक्षिक वा सामाजिक क्रियाकलापमा प्रयोग गर्न सक्नेछ ।

(२) निजी शैक्षिक गुठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप नगरपालिकाको स्वीकृती वेगर परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत संञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग वा दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकामा जानकारी दिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि प्रचलित नेपाल कानुन बमोजिम नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्तगरेको सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर वेचबिखन गर्न पाइने छैन ।

**३५. विद्यालयलाई छुट र सुविधा :**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्टेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगर कार्यपालिकाले तोकिएको आधारमा रजिष्टेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) कम्पनीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको सम्पत्ति नगरपालिकाको स्वीकृति वेगर वेचविखन गर्न पाईने छैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३६. अनुमति वा स्वीकृति रद्द गर्ने :**

(१) कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति नगरपालिकाले रद्द गर्ने सक्नेछ ।

**३७. विद्यालयको वर्गीकरण :**

(१) विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३८.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९.शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाकालागि भर्ना भएका विद्यालय, विद्यार्थी संख्या र तोकिएको प्रति विद्यालय विद्यार्थी लागतको

आधारमा सामुदायिक विद्यालयलाई अनुदान निकासा गर्नेछ र त्यस्तो अनुदान प्राप्त गरेको विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै संघसंस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सक्नेछ ।

(ख) सवै वालवालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यबस्था गर्नेछ ।

(ग) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यालय विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्नागर्दा एकपटक भर्ना शुल्क लिईसके पछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यालय विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले लिनपाउने तोकिए बमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृत दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(६) शुल्क लिन नपाउने भनि तोकिएका कुनै विद्यालयले यस ऐन विपरीत विद्यालय विद्यार्थीसंग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यालयका विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

**४०.छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

(१) नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था र कक्षा पाँच सम्मका विद्यार्थीहरुलाई तोकिए बमोजिमको दिवा खाजाको व्यवस्था गर्न सक्नेछ ।

**४१.संस्थागत विद्यालयले छात्रबृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यालय विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघटने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग,महिला,दलित वा जनजातीका विद्यार्थीलाई तोकिएको मापदण्डको आधारमा छात्रबृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रबृत्तिको लागि विद्यालय/विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, विद्यालय निरीक्षक र विद्यालय व्यवस्थापन समितिमा अभिभावकको प्रतिनिधि रहेको एक छात्रबृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले नगरपालिकाले तयार पारेको मापदण्ड भित्र रही छनोटका लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) छात्रबृत्ति छनौट सम्बन्धि अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**४२. प्रगती विबरण बुझाउनु पर्ने :**

(१) संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगती विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

**४३. शिक्षक तथा कर्मचारीलाई हटाउन सक्ने :**

(१) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन सक्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा विभागीय स्वीकृति नलिई अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाईएमा,

(२) उपदफा (१) बमोजिम कार्यरत शिक्षक वा कर्मचारीलाई पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका प्रदान गरिनेछ ।

स्पष्टिकरण : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित संघीययस्तर, प्रदेशस्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

**४४. स्थायी आवासीय अनुमति लिन नहुने :**

(१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**४५. शैक्षिक योग्यता:**

(१) विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

४६. **शिक्षक विद्यार्थीको अनुपात, दरवन्दी मिलान र थप शिक्षक सहायता :**

(१) नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यालय विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यालय विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(२) आवश्यक मापदण्ड सहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी नगर शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले प्रत्येक वर्षको चैत्र महिना भित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम नगर कार्यपालिका मातहत रहनेछ ।

(३) थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

४७. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासन व्यवस्थापन सम्बन्धी काममा वाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्दार वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४८. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पुरा तलव, भत्ता र तलव बृद्धि पाउने भए सो समेत पाउनेछ ।

४९. **शिक्षकको सरुवा :**

(१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले रिक्त दरवन्दी र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।

तर, त्यसरी सरुवा गर्दा निवेदकलाई कार्यरत स्थानको नगरपालिका वा गाउँपालिकाको सहमति लिई नगर शिक्षा समितिको निर्णय बमोजिम अन्तर जिल्ला र अन्तर पालिका सरुवा गर्न सक्नेछ। साथै रिक्त दरवन्दी र विषय मिल्ने देखिएमा नगरपालिका भित्रका विद्यालयहरुमा अन्तर विद्यालय सरुवा गर्न सक्नेछ । सामान्यतया अन्य स्थानीय तहबाट शिक्षक सरुवा गर्दा शैक्षिक सत्रको शुरु महिनामा गरिनेछ ।

(३) नगरपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्नेगरी कार्यपालिकाले शिक्षक सरुवाको लागि तोकिदिएको

प्रक्रिया पुरा गरी नगर शिक्षा समितिको निर्णयबाट प्रमुख प्रशासकीय अधिकृतले पारस्परिक तथा रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(४) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगर शिक्षा समितिले आफ्नो नगर भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ ।

तर, दरवन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणवस कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच बर्ष पूरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्नेछैन ।

(४) स्थायी नियुक्ती लिएको एकवर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एकवर्ष वा सो भन्दा कम अवधी बाँकी रहेको शिक्षकको सरुवा गरिने छैन ।

(५) अपाङग शिक्षकलाई अपायक पर्ने गरी सरुवा गरिने छैन ।

**५०.शिक्षक छनौट समिति :**

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ,

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा सो नभए स्थानीय शिक्षा अधिकारी वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ग) जिल्लामा सुचिकृत विषय विशेषज्ञहरु मध्ये दुई जना -सदस्य

(घ) प्रधानाध्यापक - सदस्य-सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्वन्धमा मापदण्ड वा कार्यविधि निर्धारण गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(३) शिक्षक छनौट सम्बन्धी अन्य काम, कर्तव्य र अधिकार समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५१.करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकारबाट स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले स्थानीय शिक्षा अधिकारी मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यता क्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचिमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समाबेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन

समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा स्थानीय शिक्षा अधिकारीबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराई नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट अनुमति लिई विषय मिल्ने गरी करारमा शिक्षक नियुक्ति गर्नु पर्नेछ ।

(५) छनौट प्रक्रियाबाट करारमा नियुक्ति भएका शिक्षकहरुको तोकिए बमोजिमको कागजात पेशगरी विद्यालयले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अभिलेखीकरणको गराउनु पर्नेछ।

(६) बालविकास केन्द्रका सहजकर्ता, राहात अनुदान कोटामा र करारमा शिक्षक छनौट सम्बन्धीव्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ।

**५२. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

(१) नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वाकर्मचारीले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**५३. प्रधानाध्यापक तथा कर्मचारी सम्वन्धी व्यवस्था:**

(१) प्रत्येक सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमको एक जना प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापकको पदावधि वढिमा ५ वर्षको हुनेछ । कार्यसम्पादन र कार्य जिम्मेवारीका आधारमा पुनः नियुक्ति हुन सक्नेछ ।

(३) कार्ययोजना र कार्यदक्षताका आधारमा नगर शिक्षा समितिले सिफारिस गरेका शिक्षकलाई प्रधानाध्यापकमा नियुक्ति गरिनेछ ।

(४) स्रोत र साधन पर्याप्त भएको अवस्थामा शिक्षा समितिको सिफरिसमा प्रधानाध्यापकलाई थप सेवा सुविधाको व्यवस्था गर्न, गराउन सकिनेछ ।

(५) बिद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुबिधा तोकिए बमोजिम हुनेछ ।

**५४.बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यबहार गर्न पाईने छैन ।

**५५.अनुमति नलिई शैक्षिक परामर्श सेवा,विदेशी शैक्षिक कार्यकम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने :**

(१) कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, कोचिङ्ग ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा

सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सेन्टर,सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५६. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ । शिक्षा समितिले सो उपर अनुगमन समितिको प्रतिवेदन र छानविन सहितको आधारमा कार्यपालिकामा राय सहित पेश गरेको आधारमा नगर कार्यपालिकाले अस्थाई, करार, राहत लाई सेवाबाट बर्खास्त गर्न र स्थाईलाई बर्खास्तकोलागी सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

__स्पष्टीकरण:__ यस खण्डको प्रयोजनकालागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर,प्रदेशस्तर,जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

## ५७. धरौटी राख्नुपर्ने :

(१) विद्यालय खोल्ने अनुमति लिंदा विद्यालयको सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमबो रकम धरौटीको रुपमा राख्नु पर्नेछ,

| | संस्थागत विद्यालय भए | सामुदायिक विद्यालय भए |
|---|---|---|
| (क) माध्यमिक विद्यालयको लागि | -दुई लाख रुपैया | -एकलाख रुपैयाँ |
| (ख) आधारभूत विद्यालय विद्यालय कक्षा ६-८ को लागि | -एकलाख पचास हजार रुपैया | - |
| (ग) आधारभूत विद्यालय विद्यालय कक्षा १-५ को लागि | -एकलाख रुपैया | - |
| (घ) पूर्व प्राथमिक विद्यालयको लागि | -पचास हजार रुपैया | - |

(२) उप दफा (१) बमोजिम राखिंएको धरौटी बापतको रकम नगरपालिकाले तोकिदिएको बैंकमा विद्यालयको नाममा मुद्धती खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम बैंकमा जम्मा गरिएको रकमबाट प्राप्त भएको ब्याजको रकम विद्यालयको काममा खर्च गर्न सकिनेछ ।

(४) उप दफा (२) बमोजिमको खाताको सञ्चालन व्यवस्थपन समितिले तोकेको व्यक्ति र नगर शिक्षा अधिकारीले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

## ५८. दण्ड र सजाय :

(१) कसैले विद्यालयको सम्पत्ती हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्धा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहाएका कार्यगरेमा, गर्न लगाएमा वा सो कार्यगर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एकलाख रुपैया सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षाकेन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यालय विद्यार्थी भर्ना गर्दा सर्त तोकी दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा संञ्चालन गरेमा ।

(३) दफा (१) र (२) बमोजिमको कसुरका सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्धा हेर्ने अधिकारी वा अदालतमा मुद्धा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्धा दायर भएको मिति देखि मुद्धाको टुङ्गो नलागे सम्म निलम्वन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) दफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम उल्लघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ,

(क) विद्यालय विद्यार्थीलाई विद्यालय वा छात्रवास वा परीक्षाबाट निष्काशन गर्ने,

(ख) कसूरको मात्रा हेरी एकहजार रुपैया देखि पच्चीस हजार रुपैया सम्म जरिवाना गर्ने,

(ग) विद्यालयलाई नगरपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(घ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गर्ने ।

(५) उपदफा (४)(क) बमोजिम कार्वाही गर्नु पूर्व विद्यालय विद्यार्थीको अभिभावकको सहमती अनिवार्य रुपमा लिनु पर्नेछ ।

## ५९.सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरी :

(१) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ५८ को उप दफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र यस्तो तहकिकातको काम पुरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित विद्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकीलको राय सल्लाह लिन सक्नेछ ।

## ६०.मुद्दा हेर्ने अधिकारी :

(१) दफा (५८) को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा तोकिएको अधिकारीले कारवाही र किनारा गर्नेछ ।

## ६१.कार्यपालिका वादी हुने :

(१) दफा (५८) को उपदफा (१) र (२) बमोजिमको मुद्दामा कार्यपालिका वादी हुनेछ ।

(२) दफा (५८) को उपदफा (२) बमोजिमको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## ६२. पुनरावेदन :

(१) दफा (६०) को उपदफा (१) अन्तर्गत तोकिएको अधिकारीले गरेको सजाय को आदेश उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) दफा (५८) को उपदफा (४) बमोजिम तोकिएको अधिकारीले गरेको सजाय उपर तोकिएको अधिकारी समक्ष पुनरावेदन लाग्नेछ ।

६३.नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्धेश्य कार्यान्वियन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि रमापदण्ड बनाई लागू गर्न सक्नेछ :

(क) विद्यार्थीलाई लाग्ने शुल्क र निर्धारणका आधारहरु,

(ख) विद्यालयको छात्रवृत्ति,

(ग) विद्यालयलाई दिईने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण तथा मूल्याङ्कन,

(च) विद्यार्थी शिक्षक अनुपात तथा दरवन्दी मिलान,

(छ) विद्यालय समायोजन,

(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग,

(झ) माध्यमिक तहको कक्षा एघार र वाह्रमा शिक्षक व्यवस्थापन,

(ञ) प्रारम्भिक वालशिक्षा केन्द्र व्यवस्थापन,

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम,

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ड) विद्यालयको नामाकरण,

(ढ) विद्यालयको छात्रवास चलाउने,

(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री,

(त) विशेष तथा समावेशी शिक्षा,

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा,

(द) दुर तथा खुला शिक्षा,

(ध) नगर शिक्षा कोष,

(न) विद्यालयको कोष,

(प) विद्यालयको पुस्तकालय र वाचनालय,

(फ) ट्युसन कोचिङ शैक्षिक परामर्श भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा,

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम,

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता काम कर्तव्य अधिकार र सुविधा,

(र) विद्यालयको झण्डा चिन्ह र प्रार्थना,

(ल) विद्यालय कर्मचारी नियुक्तिको लागि आवश्यक योग्यता काम कर्तव्य अधिकार र सुविधा

६४. **संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली, कार्यविधि नआएसम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यस ऐनले तोके वमोजिमका समितिहरुले गर्ने काम कारवाहीहरु उक्त समितिहरु नवनेसम्म कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

(३) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा नगरपालिकाको स्वीकृति लिई विद्यालयले विज्ञापन गरी तोकिए बमोजिम अस्थायी पदपूर्ति गर्न सक्नेछ ।

६५. **बाधा अड्काउ हटाउने अधिकार :**

(१) यस ऐनको उद्धेश्य कार्यान्वित गर्न कुनै बाधाअड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधाअड्काउ हटाउन आदेश जारीगर्न सक्नेछ । त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

६६. **बचाउ र लागू नहुने :**

(१) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐन वा यस ऐन अन्तर्गत उल्लेखित कुनै विषय संघिय शिक्षा ऐन वा प्रदेश शिक्षा ऐन संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) यसअघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

(४) यस ऐन पारित भई जारी भए पछी यसअघि गरिएको कामकारवाही यसै ऐन अनुसार भएको मानिनेछ ।